# सुदूरपश्चिम विश्वविद्यालय
# कृषि विज्ञान संकाय
# डीनको कार्यालय
## टीकापुर, कैलाली

**कृषि स्नातक तह दोस्रो सत्रान्तको परीक्षा दिने परीक्षार्थीहरुको परीक्षा आवेदन फाराम भर्ने सम्बधी जरुरी सूचना !**

**सूचना प्रकाशित मिति : २०८३/०५/१८**

सुदूरपश्चिम विश्वविद्यालय कृषि विज्ञान संकाय टीकापुर कैलालीद्धारा वि.स. २०८३ सालमा सञ्चालन हुने सेमेस्टर प्रणालीमा सञ्चालित कृषि स्नातक तह (B.Sc.Ag.) दोस्रो सत्रान्तको नियमित तथा आंशिक परीक्षा दिने परीक्षार्थीहरुले निम्न विवरण अनुसार परीक्षा आवेदन फाराम भरि मिति २०८३ साल असोज ०५ गते सम्म स्कुल अफ एग्रीकल्चरमा बुझाउनु हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

१. आंशिक परीक्षार्थीले गत सालको सोही खण्डको परीक्षा दिएको रोल नम्बर र वर्ष फारामको निर्दिष्ट ठाँउमा अनिवार्य लेख्नुपर्नेछ ।
२. आवेदन फाराम परीक्षार्थी स्वयंले भरि बुझाउनु पर्नेछ ।
३. फाराम भर्दा सुदूरपश्चिम विश्वविद्यालयको नियमावली (स्विकृत विषय) तथा पाठ्यक्रमले तोके वमोजिम विषयहरु मात्र भर्नु भराउनु पर्नेछ । अन्यथा भएमा कृषि विज्ञान संकाय परीक्षा शाखा टीकापुर, कैलाली जवाफदेही हुने छैन ।
४. परीक्षा दिने सैद्धान्तिक र प्रयोगात्मक विषय छुट्याई विषय कोड नम्बर सहित पुरा नाम स्पष्ट खुलाएर लेख्नुपर्नेछ ।
५. स्कुल अफ एग्रीकल्चर शैक्षिक प्रशासन शाखाले फाराम बुझाउनु अगाडि आन्तरिक मुल्यांकनको परीक्षामा उतिर्ण विद्यार्थीहरुका मात्र फाराम वुझि विद्यार्थीले भरेका प्रत्येक फारामहरु अंग्रेजी वणार्नुक्रम अनुसार स्पष्ट लगत राखि विद्यार्थीको नाम र रजिष्ट्रेशन नम्बर ठिक भए नभएको रुजु गर्नुपर्ने छ ।
६. आवेदन फाराम स्कुल अफ एग्रीकल्चरको शैक्षिक प्रशासन शाखाबाट प्राप्त गर्न सकिने छ ।
७. परीक्षार्थीले हालसालै खिचेको २ प्रति एकनासको पासपोर्ट साइजको फोटो टाँसी फोटो र फाराममा समेत पर्ने गरि स्कूल अफ एग्रीकल्चर प्रमुखको हस्ताक्षर हुनुपर्नेछ ।
८. परीक्षा शुल्क स्नातक तहको लागि प्रति सेमेष्टर रु.९००/- लाग्नेछ ।
९. प्रयोगात्मक शुल्क प्रति विषय रु.२५० का दरले लाग्नेछ ।
१०. थप जानकारीको लागि कृषि विज्ञान संकाय डीन कार्यालय वा स्कुल अफ एग्रीकल्चर शैक्षिक प्रशासन शाखा टीकापुर कैलालीमा सम्पर्क राख्न सकिने छ ।
११. परीक्षा दिन पाउने अवधि सम्वन्धमा: सुदूरपश्चिम विश्वविद्यालय परीक्षा व्यवस्थापन तथा सञ्चालन कार्यविधि २०७८ अनुसूची २ को नियम १० (क) मा "चारवर्षे शैक्षिक कार्यक्रम" का विद्यार्थीले पहिलो पटक परीक्षामा सम्मिलित भएको वर्षबाट आठ वर्ष भित्र पाठ्यक्रमले तह पुरा गर्न तोकेको सम्पूर्ण आवश्यकताहरु पुरा गरि सक्नुपर्ने छ ।

2083/05/18
..............................
परीक्षा शाखा प्रमुख
कृषि विज्ञान संकाय
टीकापुर, कैलाली